नेपाल सरकार

# राष्ट्रिय सूचना आयोग

कोटेश्वर, पेरिसडाँडा, काठमाडौं

3X20 7006 one time inside

## सार्वजनिक निकायहरुलाई अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०७०।०९।३०**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (१) अनुसारका सार्वजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्ने, सार्वजनिक निकायले सो निकायसंग सम्बन्धित सूचना ऐनको दफा ५ (३) तथा नियम ३ बमोजिम सूचीकृत गरी ३/३ महिनामा ऐनको दफा ५ (४) बमोजिम प्रकाशन गर्नुपर्ने, सूचना अधिकारी तथा सूचना शाखाको व्यवस्था गरी नागरिकले सजिलै थाहा पाउने गरी कोठाको बाहिर वोर्ड समेत राख्नुपर्ने जस्ता व्यवस्था भएको हुंदा नेपाल सरकारका केन्द्रिय स्तरका निकाय, बिभाग स्तरका निकाय र जिल्ला स्तरका निकायहरू जिल्ला विकास समिति, नगरपालिका, विश्वविद्यालय, क्याम्पस एवं शिक्षण संस्थाहरू, सार्वजनिक संस्थान, बैंक तथा वित्तिय संस्था, अस्पताल, सहकारी संस्था, गैह्र सरकारी संस्था तथा अन्य सार्वजनिक निकायहरूले यो सूचना नागरिकमा प्रकाशित मितिले ३० (तीस) दिन भित्र निम्न बमोजिमको व्यवस्था गर्नु गराउनु भई सो को जानकारी अनिवार्य रूपमा आयोगलाई गराउन अनुरोध गरिन्छ। यस सूचना बमोजिम नगर्ने नगराउने सार्वजनिक निकायका प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन नियम बमोजिम कारवाही गरिने व्यहोरा अनुरोध छ।

१. हालसम्म सूचना अधिकारी तोकि आयोगलाई जानकारी नगराएको भए ३० (तीस) दिन भित्र सूचना अधिकारी तोकी आयोगमा जानकारी गराउने। सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफु भन्दा दोश्रो वा तेश्रो मुनीको अधिकारीलाई तोक्नु पर्नेछ।

२. तोकिएको सूचना अधिकारीको नाम, थर, पद, कोठा नम्बर, सूचना शाखा, ईमेल ठेगाना, टेलिफोन/मोबाईल नम्बर समेत आगन्तुक सबै नागरिकले सजिलै देख्न सक्ने गरी प्रवेश कक्ष तथा नागरिक वडापत्रमा उल्लेख गर्ने र ३० (तीस) दिन भित्र आयोगमा पठाउने।

३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ बमोजिमका सूचनाहरू ऐ.ऐनको दफा ५(४) बमोजिम ३/३ महिनामा सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ। यसरी प्रकाशित सूचनाको नियमित रूपमा आयोगलाई जानकारी गराउने व्यवस्था मिलाउनु हुनेछ।

४. उल्लेखित सूचना बमोजिम आफ्नो जिल्ला भित्रका सार्वजनिक निकायहरूमा एकिकृत रूपमा आवश्यक व्यवस्था मिलाई आयोगलाई जानकारी गराउन सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई निर्देशन हुन गृह मन्त्रालय मार्फत् अनुरोध गरी सकिएको छ।

५. कुनै नेपाली नागरिकले सार्वजनिक निकायमा माग गरिएको सूचना सार्वजनिक निकायले सूचना माग गर्ने नागरिकलाई उपलब्ध गराईएको वा नगराईएको विवरण छुट्टै अभिलेख राख्नु पर्ने छ र यस्तो विवरण प्रत्येक ३/३ महिनामा राष्ट्रिय सूचना आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

६. सार्वजनिक निकायबाट सूचना माग गर्न दिने निवेदन लेख्न, कानुनी सहायता प्राप्त गर्न आयोगको सूचना अधिकार केन्द्र (RTI Centre) फोन नं. ४६०१४४६ ईमेल rticentrenepal@gmail.com र टोल फ्रि नम्बर १६६०-०१-७०००० र फ्याक्स नम्बर ४६०१६४४ मा सम्पर्क राख्न सकिनेछ।

७ विस्तृत जानकारीको लागि आयोगको वेभसाईट www.nic.gov.np मा हेर्न सकिने छ। आयोगसंग कुनै सम्पर्क गर्न वा गराउन आवश्यक भएमा ईमेल info@nic.gov.np मा ईमेल वा फोन नम्बर ४६०२७४७/४६०२९२० र फ्याक्स ४६०१२१२ मा सम्पर्क राख्न सकिनेछ।

सूचना हाम्रो अधिकार ! सुशासन र विकासको आधार !!
सूचना लिने दिने संस्कृतिको विकास गरौं
नागरिक अधिकारको सम्मान र संरक्षण गरौं।
कुनै पनि सार्वजनिक सरोकार,
थाहा पाउने जनताको अधिकार।